दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक ३३२ | बुटवल | २०८१ मंसिर २४, गते सोमबार | नेपाल संवत ११४५ | Monday Dec. 09, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## 'देश चलाउने कुरा सहकारी ठगी जस्तो हैन'



बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले रास्वपा सभापति रवि लामिछानेलाई इंगित गर्दै देश चलाउने कुरा अरूलाई गाली गरेजस्तो र सहकारी ठगीजस्तो नभएको बताएका छन्।

गृहजिल्ला झापाको दमकमा निर्मित व्यापारिक कम्प्लेक्स उद्घाटन गर्दै ओलीले आफूहरूले बलिदान गरेर ल्याएको लोकतान्त्रिक व्यवस्था मास्न नदिने भन्दै देश चलाउने कुरा अरूलाई गाली गरेजस्तो र सहकारी ठगीजस्तो नहुने टिप्पणी गरेका हुन्।

'देश चलाउने कुरा अरूलाई गाली गरेजस्तो र सहकारी ठगीजस्तो होइन,' उनले भने-'हामीले बलिदान गरेर ल्याएको लोकतान्त्रिक व्यवस्था मास्न दिँदैनौँ।'

उक्त कार्यक्रममा उनले चीन भ्रमणबाट देशका लागि उपलब्धि भएको र केही समयपछि भारत जाने जानकारी पनि दिएका छन्।

ओलीले झापाको दमक व्यापारिक कम्प्लेक्स भएको क्षेत्रलाई आधुनिक शहर बनाउने समेत बताएका छन्।

१०० मिटर अग्लो र १८ तले सो कम्प्लेक्सको उद्घाटन गर्दै ओलीले नयाँ तरिकाको विकास कसरी गर्न सकिन्छ भन्ने कुराको नमूना भएको पनि बताए।

साथै उनले कम्प्लेक्स निर्माणले रोजगारी र पर्यटन वृद्धि हुने बताए।

विश्वका ठूला मुलुकमा पनि आर्थिक स्रोत र पहिचानको लागि यस्ता अग्ला भवन बनेको उदाहरण समेत उनले प्रस्तुत गरेका थिए। मुख्य बजार क्षेत्रबाट चार किमी दुरीमा पर्ने सो १८ तले कम्प्लेक्स रु एक अर्ब ६३ करोड ५४ लाख ४६ हजार लागतमा बनेको हो।

चार बिघा १६ कट्ठा क्षेत्रफलमा फैलिएको नेपालकै अग्लो टावर रहेको सो कम्प्लेक्सलाई घरेलु र विदेशी पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने सरकारको अवधारणा छ।

## रवि चार दिन, दुर्गा तीन दिन हिरासतमै



बुटवल। सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

जिल्ला प्रहरी कार्यालय कास्कीका एसपी श्यामबाबु ओलियाले लामिछाने माथि चार दिन म्याद थप भएको बताए। यद्यपि सरकारी वकिल कार्यालय कास्कीले भने १३ दिनको म्याद मागेको थियो।

गत २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका लामिछानेलाई सोही दिन कास्की लगिएको थियो। त्यसपछि रुपन्देही र काठमाडौंमा बयान सकेर उनलाई गत मंगलबार चितवन समेत लगेर बयान लिइएको थियो।

सुरुमा उनी माथि सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान थालिएको थियो। पछि कास्की प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान गरिरहेको छ।

लामिछाने माथि पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, चितवनको साहारा सहकारीलगायतको रकम हिनामिनामा अनुसन्धान भइरहेको छ।

यस्तै झापाका विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थप तीन दिन हिरासत राख्न अदालतले अनुमति दिएको छ।

प्रहरीको केन्द्रीय साइबर ब्यूरोको हिरासतमा रहेका प्रसाईंविरुद्ध आइतबार तीन दिन म्याद थप भएको ब्यूरोका एसपी दीपकराज अवस्थीले जानकारी दिए।

भक्तपुरस्थित आफ्नै निवासबाट पक्राउ परेका प्रसाईंविरुद्ध विद्युतीय कसुरको अपराधमा ब्यूरोले अनुसन्धान गरिरहेको छ। यसैगरी प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)मा उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।

विभिन्न व्यवसायीहरुलाई धम्क्याएको कसुरमा पक्राउ परेका झापाका हरिचन्द्र फुयालसँग प्रसाईंको कनेक्सन देखिएपछि उनीविरुद्ध पनि आपराधिक लाभको कसुरमा पक्राउ पुर्जी जारी भएको छ।

अहिले साइबर ब्यूरोले भने प्रसाईंविरुद्ध प्रधानमन्त्री केपी शर्मा ओलीले कम्बोडिया लगानी गरेको भनेर दिएको अभिव्यक्तिमाथि अनुसन्धान भइरहेको छ।

# सीटीइभिटीको बुटवल कार्यालय दाङ सार्ने चलखेल

**संघीय सरकार अन्तर्गतको कार्यालय सार्नकेन्द्रले केही भनेको छैन, बरु खर्च कम गर्नका लागि तामनगरको केएनटीआइमा सार्न भनिरहेको छ। तर सुवेदीले आफ्लाई घरपाइ मिलाउन संस्थाको आफ्नै भवन रहेको कोहलपुर नलगी दाङमा भाडा तिर्ने गरी लैजान खोजेका छन्।**

**लुम्बिनी संवाददाता**
*बुटवल*




रुपन्देहीको नयाँगाउँमा ६ वर्षदेखि रहेको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीइभिटी) को लुम्बिनी प्रदेश कार्यालयलाई दाङ सार्न खोजेपछि कर्मचारी विरोधमा उत्रेका छन्। बाँकेको कोहलपुरमा आफ्नै भवन रहेको र बुटवलमा मुख्य कार्यालय रहेको यस कार्यालयलाई अहिले बसिरहेको क्षेत्रमा व्यवस्थापनका लागि निःशुल्क जग्गा तथा कार्यालयसमेत उपलब्धताको सुनिश्चितता भए पनि कार्यालयका निमित्त प्रमुख यादव सुवेदीले आफ्नो घरपाई मिलाउन अनावश्यक खर्च बढाउने गरी दाङ सार्न खोजेका हुन्।

सुवेदीको स्वार्थमा राज्यलाई वर्षेनी लाखौं आर्थिक भार थप्नेगरी दाङ लैजान थालिएको भन्दै कर्मचारीहरुले नै विरोध गरेका छन्। यसअघि दाङमा सम्पर्क कार्यालयसमेत राखिएको छ। सीटीइभिसीअन्तर्गतका अधिकांश नर्सिङ कलेज, इञ्जिनिरिङ कलेज सबै रुपन्देही आसपासमा रहेका छन्। कर्मचारीहरुका अनुसार अहिले यो कार्यालयअन्तर्गत ७० वटा प्राइभेट कलेजमध्ये अधिकांश रुपन्देही क्षेत्रका र धेरै विद्यार्थी पनि यही क्षेत्रका छन् केही संख्या बाहिर भए पनि ती संख्याका हिसाबले मात्रै रहेका छन्। कर्मचारीहरुले बुटवलबाट कार्यालय सार्ने भए आफ्नै भवन रहेको कोहलपुर नै लैजानुपर्ने र नभए यहाँ भाडा नै तिर्नु नपर्ने गरी कार्यालय व्यवस्थापन गरेर राख्नुपर्ने सुझाव दिए पनि सुवेदीले सत्तारुढ दलका नेताहरुको दबाबमा यसलाई सार्न चलखेल गरिरहेका छन्।

केही समयअघि यो कार्यालय व्यवस्थापनका लागि तत्कालीन कार्यालयका निर्देशक महेश भट्टराईसहितको टोलीले बुटवलको कार्यालयलाई व्यवस्थित रुपमा राख्नका लागि रंगशालाको भवनमा दीर्घकालीन रुपमा र बुटवलको तामनगरमा रहेको कोरिया नेपाल बहुप्राविधिक शिक्षालय (केएनटिआई)को भवनमा तत्कालीन रुपमा कार्यालय राख्नेगरी विकल्प खोजी भएको थियो। अहिले पनि केएनटिआइमा यसको कार्यालय रहेको छ।

नेपाली कांग्रेस निकट मानिने सुवेदीले एमालेका महासचिव शंकर पोखरेलको नाम दुरुपयोग गर्दै आफ्नो स्वार्थ पूरा गर्न खोजेको कर्मचारीकै आरोप छ। संघीय सरकारअन्तर्गत रहेको यो कार्यालय सार्नका लागि केन्द्रले केही भनेको छैन उल्टै खर्च कम गर्नका लागि केएनटीआइमा रहेको भवनमा सार्न भनिरहेको छ, तर सुवेदीले त्यहाँ कार्यालय लैजान तयार छैनन्। अहिले यहाँ रहेको भवनको भाडा ५० हजार मासिक छ भने दाङमा लैजाँदा एक लाख थपिने भएको छ। यस्ता विषयमा खर्च थप्न नहुने कर्मचारीको अडानलाई उनले अस्वीकार गर्दै दाङमा भाडामै लैजाने प्रयास गरेका छन्।

'केएनटीआइमा भाडा तिनै नपर्ने गरी कार्यालय सार्न पनि सुवेदी सहजै तयार हुनुभएन, यहाँ यसको भवन बनाउन पनि निःशुल्क जग्गा पाइनेगरी बुटवल उपमहानगर दिन तयार छ,' एक कर्मचारीले भने-'अरु संघसंस्थाहरु पनि सहयोगका लागि तयार छन् तर उहाँ मानिरहनुभएको छैन।'

प्राविधिक शिक्षालय फोरम लुम्बिनीका पूर्वअध्यक्ष गोविन्द खनालले सीटीइभिटीको सम्बन्धन पाएका अधिकांश कलेज रुपन्देहीमा रहेका र विद्यार्थी पनि धेरै यतैका भएकाले त्यसको नियामक निकायले यो क्षेत्र छाड्न खोज्नु उचित नभएको बताउँछन्। 'अस्पताल र प्रयोगात्मक अभ्यास सेन्टर अधिकांश रुपन्देहीमै भएकाले राजनीतिक स्वार्थमा यहाँबाट सार्ने चलखेल गलत छ, विद्यार्थी र शिक्षकको पायक रुपन्देही नै हो।'-खनालले भने।

नेपाल निजी प्राविधिक शिक्षालयका पूर्वकेन्द्रीय अध्यक्ष बसन्तराज खनालले सीटीइभिटीको कार्यालयअन्तर्गतका अधिकांश कलेजहरु रुपन्देही क्षेत्रमा भएकाले यहाँबाट कार्यालय सार्नु कुनै पनि हिसाबले उचित नहुने बताउँछन्। संघीय सरकारअन्तर्गतको कार्यालय प्रदेश राजधानी भएकै ठाउँमै लैजानुपर्ने भन्ने छैन यो कुनै कर्मचारीविशेषको स्वार्थबाहेक केही होइन भन्दै खनालले आफ्नै भवन भएको कोहलपुर नलगी दाङ नै लैजान खोज्नु राज्यको व्ययभार बढाउने काम मात्रै भएकाले यस्तो काम रोकिनुपर्ने बताए। २२ जना कर्मचारीमध्ये अधिकांश रुपन्देही आसपासका भएकाले पनि कार्यालय सार्ने चलखेलको विरोधमा उत्रिएका छन्।







## सम्पादकीय

# अवैध आयातले बढाएको जोखिम

अवैध आयात रोक्न नसक्दा व्यवसायी मारमा परेको बुटवलमा आयोजित एक कार्यक्रममा व्यवसायीले गुनासो गरेका छन् । भैरहवा भन्सार प्रमुखलगायत विभिन्न सरोकारवाला निकायका व्यक्तिहरु सहभागी कार्यक्रममा व्यवसायीले गुनासो राख्नु उपयुक्त थलो हो ।

उद्योग व्यापार संघ बुटवलको साधारणसभामा बोल्ने व्यवसायीहरुले अवैध आयात रोक्न नसक्दा अनौपचारिक अर्थतन्त्र मौलाएको र देशको अर्थव्यवस्था अस्वस्थ रहेको धारणा जायज छ । खुला सीमामा निगरानी राख्न नसक्ने र जिम्मेवार सरकारी निकायमा बस्ने व्यक्तिको गैरजिम्मेवार क्रियाकलापको मारमा इमान्दार व्यवसायी पलायन हुनुपर्ने बाध्यता मुलुकको लागि घातक छ । अवैध आयातले भन्सार विन्दुबाट आएका वस्तु तथा सामानले प्रतिस्पर्धा गर्न नसक्ने स्थिति बनेको छ । अवैध आयात हुँदा देशको राजस्वमा नकारात्मक प्रभाव एकातिर छंदैछ, देशमै व्यवसाय गरिरहेका व्यक्तिहरु व्यवसाय छाडेर पलायन हुनुपर्ने बाध्यता पनि मुलुकका लागि राम्रो होइन् ।

भारतमा सीमा सुरक्षा बल एसएसबी तैनाथ छ । नेपालमा सशस्त्र प्रहरी बलको युनिटले सीमा सुरक्षाको काम गर्दै आएको छ । सशस्त्र प्रहरी बलको सक्रियता बढ्दै गइरहे पनि अपेक्षित सीमा अपराध नियन्त्रण हुन सकिरहेको छैन । खुला सीमाकै कारण सीमा अपराध नियन्त्रणमा चुनौती छ । खुला सीमाको व्यवस्थापन र नियमन गर्न सीमा सुरक्षा बललाई प्रविधिमैत्री र साधनस्रोतले बलियो बनाउनुपर्ने छ । अहिले सीमा अपराधलाई नियन्त्रण गर्न पाँच जनाको प्रहरी टोलीसहित दुई वटा कुकुर परिचालन गरिएको छ । अपराधी पहिचान गर्न कुकुरले सघाउ पुऱ्याउने भएकोले सीमा अपराध नियन्त्रण गर्न कुकुर परिचालन गर्नु स्वभाविक छ । हतियार, लागुऔषध र विष्फोटक पदार्थको ओसारपसार नियन्त्रण गर्न कुकुर सहयोगी भएको छ । प्रहरीले खानतलासी गरेर मात्रै अपराधी समातिने होइन्, कुकुरले हतियार, लागुऔषध र विष्फोटक पदार्थ ल्याएको व्यक्तिको पहिचान सहजै गर्ने भएकाले प्रहरीले गरेको परिचालन स्वभाविकै छ । तर अवैध आयात रोक्न जिम्मेवार निकायको इमान्दार प्रयत्न नै प्रधान हुन्छ ।

सीमा अपराध नियन्त्रण गर्न खटिएको सशस्त्र प्रहरी बलको रूपन्देही युनिटले नौ महिनामा १० करोडको अवैध सामान नियन्त्रण गरेको छ । रूपन्देहीको ७० किमिमा खुला सीमामा हुने तस्करी नियन्त्रण सशस्त्र प्रहरीको एकल प्रयासले मात्रै संभव छैन् । सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभागको टोलीले समन्वयात्मक प्रयास हुनुपर्छ ।

तस्करी हुँदा राज्यको आम्दानी गुम्छ, राज्यको राजस्वको स्रोतमा संकुचन आउँछ । तस्करी मौलाउँदै जाँदा सीमा अपराध बढ्दै जाने हो । नेपाल–भारत खुला सीमाको संवेदनशिलता बुझेर अपराध र तस्करी नियन्त्रण गर्न सुरक्षा निकायको परिचालनसँगै नागरिक तहबाट पनि सहयोग उत्तिकै आवश्यक छ ।

# सुशासन, सेवा प्रवाह र विकासमा सरकारको सुस्त कार्यशैली



**सागर पण्डित**

प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुखहरु नैतिकवान् र इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासनका क्षेत्रमा कार्यरतहरुको अनुभव छ। अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वतः सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ। यो मान्यतालाई विश्वास गर्ने हो भने प्रधानमन्त्री ओली, उनका मन्त्रीहरु र उनी मातहत चल्ने प्रशासकहरुले एकीकृत रुपमा भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई जोडतोडका साथ व्यवहारमा उतार्न सक्नुपर्छ।

प्रमुख दुई ठूला दल कांग्रेस र एमालेबीचको गठबन्धनबाट बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले मुलुकमा सुशासन स्थापित गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन र विकासका महत्वपूर्ण योजना र कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउन सकेको छैन । ठूला दुई सरकारद्धारा बनेको सरकारले पनि प्रभावकारीरुपमा काम गर्न नसक्दा आम जनतामा निराशा र आक्रोश छाउन पुगेको देखिन्छ ।

सत्तामा रहेकाहरुको अझैँ पनि चेत खुल्न सकेको देखिँदैन । जनतालाई सेवा र राहत दिने कार्यमा प्रधानमन्त्री, मन्त्रीलगायतका उच्च अधिकारीहरुको खासै ध्यान जान सकेको छैन । मुलुकमा विकासका योजना र कार्यक्रम सञ्चालन गर्ने, उद्योग कलकारखाना स्थापना गरेर जनतालाई रोजगारी दिने, मूल्यवृद्धि नियन्त्रण गर्ने, उत्पादन बढाई निर्यात गर्ने, जनताका पिरमर्का र गुनासोको तत्काल सम्बोधन गर्ने, जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाजस्ता समस्या सम्बोधन गर्ने आदि कार्यमा सरकारी निकायले खासै ध्यान दिन सकेको छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफलतापूर्वक कार्यान्वयन गर्न र आम जनताको असीमित चाहना पूरा गर्न भने यसअघि गठन भएका प्रायः सबै सरकारहरु असफलजस्तै बने । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीअनुसार सरकारहरु सञ्चालन हुनै सकेनन् । जनताको असीमिति चाहनालाई सम्बोधन गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका सरकारहरु असफल हुँदै आएकाले शासन प्रणालीमाथि नै विभिन्न खाले टीकाटिप्पणी र प्रश्नहरु उठिरहेका छन् । तर पनि प्रमुख दल र शासकहरुले यो विषयलाई हल्कारुपमा लिइरहेका छन् ।

वर्तमान सरकारका अधिकांश मन्त्रीहरु कार्यसम्पादनमा अनुत्तीर्ण बनेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको कार्यसम्पादन मूल्यांकन र मन्त्रालयहरु आफैँले गरेको कामको विवरणलाई हेर्दा धेरै मन्त्रालयहरु लक्ष्यअनुसार काम गर्न असफल भएका देखिन्छन् । यसको अर्थ मन्त्रीहरु असफल भन्ने बुझ्नुपर्छ । अधिकांश असफल मन्त्रीहरुबाट सिंगो सरकारले आगामी दिनमा कस्तो कार्यसम्पादन गर्ला ? यस विषयमा प्रधानमन्त्रीले ठण्डा दिमागले सोच्नुपर्ने बेला आएको छ । कि असफल मन्त्रीहरुलाई तत्काल हटाएर काम गर्न सक्ने सक्षम र मेहनती मन्त्री ल्याउनुपर्छ, कि काम गर्न नसकेकालाई एकपटक अवसर दिएर काम र जिम्मेवारीमा खटाउन सक्नुपर्छ । त्यसका लागि अहिलेका मन्त्रीहरुले अहोरात्र काममा खट्नुपर्ने आवश्यकता देखिन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने महान् लक्ष्य र उद्देश्य लिएर गठन भएको सरकारका मन्त्रीहरुले आ-आफ्ना क्षेत्रमा उल्लेख्य काम गरेर तरंग दिन सक्नुपर्थ्यो । जनताले प्रत्यक्ष अनुभूति गर्न पाउने खालका अग्रगामी कार्यक्रमहरु सक्रियताका साथ लागू गर्न सक्नुपर्थ्यो तर त्यस्तो हुन सकेको छैन । हाम्रा धेरै मन्त्रीहरु कार्यस्थलको भवनको प्यासेजमा नै अलमलिन पुगेका छन्, मन्त्रीको रुपमा देश हाँक्न आएका राजनीतिक नेतृत्व चराले वेग हानेजस्तै वेग हान्न त खोज्छन् तर उनीहरु प्यासेजका भित्ताहरुमा नै अड्किन पुगेका छन् । यसमा दुई पक्षले काम गरिरहेको छ । एक त मन्त्रीहरुले अत्यधिक मिहिनेत गरेर मन्त्रालयको कार्यजिम्मेवारीलाई कडाइका साथ व्यवहारमा उतार्न सकिरहेका छैनन् । अर्कोतर्फ मन्त्रीलाई सघाउने महत्वपूर्ण जिम्मामा रहेको ब्यूरोक्रेसीले भित्रीरुपमा सहयोग गरेका छैनन् । मन्त्रीहरुले इमानदारितापूर्वक काम गर्न नसक्दा पनि प्रशासकहरुबाट सहयोग पाउन नसकेको हुन सक्छ ।

मन्त्री भएर आएपछि अधिकांश मन्त्रीहरुले कार्यविभाजन नियमावलीअनुसार आफ्नो मन्त्रालयले गर्नुपर्ने कार्य जिम्मेवारीसमेत राम्ररी अध्ययन नगरेको पाइएको छ । मन्त्रीहरु मन्त्रालयको जिम्मेवारीअनुसारका महत्वपूर्ण योजना र कार्यक्रम ल्याउन भन्दा पनि विभिन्न खाले गोष्ठी, उद्धाटन र कार्यक्रममा सहभागी हुने गरेका छन् । अधिकांश मन्त्रीहरु आफ्नै स्वार्थमा रुमल्लिन पुगेको पाइन्छ । केही अपवादलाई छोडेर मन्त्रीहरु आफ्नो जिम्मेवारीअनुसारको बिजनेसलाई जनताको पक्षमा लैजान भन्दा पनि आफ्नै स्वार्थ पूरा गर्न लागिरहेका छन् । राजनीतिक नेतृत्वहरुले जहिले पनि आफ्नो जिम्मेवारीमा रहेको भित्रसम्मको बिजनेस के हो भन्ने कुराको गम्भीरतापूर्वक अध्ययन गरी बुझ्न सक्नुपर्छ । त्यसै गरी प्रधानमन्त्री ओली आफैँ पनि सानातिना कार्यक्रममा नै अल्झन पुगेका छन् । प्रधानमन्त्री, मन्त्री र उच्च पदाधिकारीहरु सानातिना कार्यक्रमको उद्धाटनमा अल्झिनुभन्दा पनि योजना बनाउन, छलफल र बहस गर्नमा नै व्यस्त हुँदा उनीहरुकै लागि फाइदाजक हुनेछ । सरकारले अघि सारेको नीति तथा कार्यक्रमबमोजिम ब्यूरोक्रेसीले प्रतिबद्धताका साथ जनतासमक्ष सेवा प्रवाह गर्न सकेको छैन । ब्यूरोक्रेसीको काम नै प्रणालीअनुसार सेवा प्रवाह प्रभावकारीरुपमा दिने नै हो । तर अहिले जतासुकै सरकारका विषयहरु सुनिएका मात्रै छन् ।

सरकारलाई जनताले सुने पनि सरकार के हो भनेर वास्तविक अनुभूत गर्ने गरी देख्न सकेका छैनन् । जनतालाई सरकारको अनुभूत गराउने मुख्य भूमिका प्रशासनको हो। सरकारको काम याक्सनमा लैजाने भनेकै कर्मचारी प्रशासनले हो ।

'द गभर्मेन्ट इन्टु एक्सन' भन्ने बित्तिकै सेवा प्रवाहको कुरा आउँछ । सेवा प्रवाह दिलाउने काम निजामती प्रशासन र अन्य सरकारी सेवाको हो । जनतालाई प्रदान गर्ने सेवाहरु, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता यी सवै विषयले उच्च प्राथमिकता पाउनुपर्छ ।

विगतका शासकीय प्रणालीहरु असफल हुनुमा राजनीतिक नेतृत्वको अक्षमताका साथसाथै कर्मचारीतन्त्रको अक्षमता पनि उत्तिकै कारण हो । सेवा प्रवाह गर्ने प्रायः सबै निकायका कर्मचारीहरु बिचौलियाको घेराबन्दीमा छन् । मन्त्रीहरु पनि बिचौलियाकै घेराबन्दीमा छन् । प्रधानमन्त्रीले आफूले भ्रष्टाचार नगर्ने र अन्यलाई पनि भ्रष्टाचार गर्न नदिने रटान रट्दै आए पनि त्यसलाई व्यवहारमा उतार्न सकेको देखिँदैन । कुशासनको चक्रमा फसेका मन्त्रीहरुमाथि प्रधानमन्त्रीले कारबाही गर्न नसक्नुले प्रधानमन्त्रीको बोली र गराइमा तारतम्यता देखिन सकेको छैन ।

जनतालाई सबैभन्दा फ्रन्टलाइनबाट सेवा दिने भनेको स्थानीय तहले हो । तर जनतालाई सबैभन्दा नजिकबाट सेवा दिने स्थानीय तहलाई सुविधा सम्पन्न र साधन-स्रोत सम्पन्न बनाउन केन्द्रीय सरकारले नै बेवास्ता गरिरहेको छ । अर्कोतर्फ स्थानीय तहमा भ्रष्टाचार बढ्दो छ । कैयौँ स्थानीय तह भ्रष्टाचारको अखडा बनिरहेका छन् । यसमा पनि राजनीतिक दलहरुले आफ्नै दलबाट निर्वाचन जितेर गएका मेयर, अध्यक्षहरुलाई लगाम लगाउन सकिरहेका छैनन् । जसका कारण प्रमुख दलहरुको साख दिनानुदिन गिर्न पुगेको हो ।

अर्कोतर्फ हाम्रा प्रशासकमा जिम्मेवारी लिँदै नलिने गम्भीर रोग छ । जिम्मेवारी पन्छाउने र सकेसम्म जोखिम मोल्नै नचाहने प्रवृत्ति हाबी छ । निर्णय गर्दा आफ्नो स्वार्थ हेर्ने प्रवृत्ति पनि उस्तै छ । को कति मेरिट र क्वालिटीको छ भनेर छान्न राजनीतिक नेतृत्व असफलजस्तै देखिएको छ ।

प्रधानमन्त्रीले आर्थिक समृद्धि, विकास र भ्रष्टाचारमा शून्य सहनशीलता, सुखी नेपाली समृद्ध नेपालको कुरा गरिरहेका छन् तर हाम्रो ब्यूरोक्रेसी त्यसलाई पूरा गर्न तयार छैन । माथिल्लो तहका प्रशासकहरुमा आफ्नो नेटवर्क, एक्सस र प्रभुत्व कायम गरिरहन खोज्ने प्रवृत्ति अत्यधिक छ । तल्लो तहमा भने मालपोत, नापी, वैदेशिक रोजगार, यातायातजस्ता कमाउ अड्डामा जान मरिहत्ते गर्ने प्रवृत्ति अहिले पनि व्यापक छ । अनियमितता खासै घटेको छैन । केही डर त छ तर पनि मालपोत, यातायात, प्रशासन, नगरपालिकाहरुमा दलाली प्रथा रोकिएको छैन । पैसाविना काम नै हुँदैन अहिले पनि । दलालहरु र बिचौलियाहरुको सक्रियतामा कमी आएको छैन । विकासे अड्डा तथा विकास निर्माणका काममा कमिसनको खेल अहिले पनि उस्तै छ । सडक गुणस्तरीय छैन, पुल गुणस्तरीय छैन, हरेक कुरा गुणस्तरहीन छ । प्रहरी प्रशासन आफैँ अनियमितता र विकृतजन्य काममा संलग्न भइरहेको खबर सार्वजनिक भइरहनु दुःखद हो ।

चालू आर्थिक वर्षमा लक्ष्य गरेको भन्दा निकै कम राजस्व उठ्ने भएको छ । यस्तो दुर्भाग्यपूर्ण अवस्था आउनु मुलुककै लागि दुःखद हो । यस्तो अवस्था आउनुमा धेरै पक्षले काम गरेको छ । राजस्व क्षेत्रमा भ्रष्टाचार व्याप्त छ । सामानहरुमा मिलेमतोमा नै न्यून मूल्याङ्कन गरेर राष्ट्रलाई अर्बौं रुपियाँ ठगी गर्ने काम भइरहेको छ । त्यसरी राजस्व छली गर्नेहरुलाई कडारुपमा कानुनी दायरामा ल्याउन सकिएको छैन । राजस्व क्षेत्रमा ठूलो ब्रह्मलुट नै छ । राजस्व राम्ररी उठाउने हो भने वैदेशिक सहायता लिनुपर्ने अवस्थाबाट देशलाई मुक्त पार्न सकिन्छ । व्यापारी र कर्मचारीको मिलेमतोमा राज्यलाई ठग्ने काम भइरहेको छ । कर्मचारीको मिलेमतोमा राजस्व उठाउने क्षेत्रमा, विकास निर्माण र सडक-पुल बनाउने निकायमा, प्रहरी, न्यायालय, अर्थ, गृहजस्ता निकायमा नीतिगत भ्रष्टाचार अत्यधिक छ । राज्यबाट अर्बौं रुपियाँको ठेक्का पाएका निर्माण व्यवसायीले प्रभावकारी काम गर्न सकेका छैनन् । उनीहरु कसैसँग डराउँदैनन् । दलहरु र ठूला प्रशासकहरुलाई चन्दा दिएर र आर्थिक सहयोग गरेर आफ्नो बनाएका छन् । ठूला कर्मचारी र राजनीतिक नेतृत्वसँग उनीहरुको नेक्सस छ । आर्थिक क्षेत्रका डन र माफियाहरुले प्रमुख दल र शासकहरुलाई कब्जामा लिएर अप्रत्यक्षरुपमा आफैँ शासन चलाइरहेका छन् । जसका कारण मुलुक कुशासनको चङ्गुलमा परेको छ । भ्रष्टाचारीहरुमाथि कठोर कारबाही हुन सकेको छैन ।

विश्लेषकहरुका अनुसार समकालीन विश्वमा आर्थिक समृद्धिमा चामत्कारिक प्रगति हासिल गर्दै आएको चीनले भ्रष्टाचारीहरुमाथि कठोर कदम चाल्न सक्नाले नै त्यस्तो प्रगति गर्न सकेको हो भने दक्षिण-पूर्वी एसियाका मलेसिया तथा सिंगापुरजस्ता राष्ट्रले छोटो अवधिमा नै मुलुकलाई कायाकल्प गराउन सक्नुको प्रमुख कारण पनि ती देशले अपनाएको विधिको शासनको कडाइपूर्वकको पालना र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति नै हो । कुनै मुलुकमा सुशासन कायम नहुँदासम्म ती देशले विकास र समृद्धि हासिल गर्न पनि सक्दैनन् ।

सुशासनको अवधारणाअनुसार सुशासन माथिबाट शुरु हुनुपर्छ । प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुखहरु नैतिकवान् र इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासनका क्षेत्रमा कार्यरतहरुको अनुभव छ । अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वतः सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ । यो मान्यतालाई विश्वास गर्ने हो भने प्रधानमन्त्री ओली, उनका मन्त्रीहरु र उनी मातहत चल्ने प्रशासकहरुले एकीकृतरुपमा भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई जोडतोडका साथ व्यवहारमा उतार्न सक्नुपर्छ । समाचारपत्रबाट

# जाडोमा हात खुट्टाको स्याहार कसरी गर्ने ?



प्रायः हामी सबै हातखुट्टाको सरसफाइमा खासै ध्यान दिँदैनौं । अनुहारको हेरचाह गर्न जति व्यक्ति उत्सुक हुन्छन् हातखुट्टा हेरचाहमा हुँदैन्न ।

तर व्यक्तिको सौन्दरयता अनुहारमा मात्र नभई उसको हातखुट्टाले पनि उत्तिकै बढाउने गर्छ । हरेक व्यक्ति अनुहार सुन्दर बनाउने उपायमा जुटछन् र हातखुट्टा सफाइमा व्यवस्ता गर्छन् । व्यक्तिको अनुहार जति सफा हुन्छ त्यतिनै हातखुट्टा पनि हुन जरुरी हुन्छ ।

। सामान्यतया व्यक्ति दिनभर बाहिर हुन्छ ।

जसले गर्दा हातखुट्टामा धुलो, माटो र फोहर लाग्ने गर्छ । यीनै धुलो, माटो र फोहरले हातखुट्टा फुटने समस्या निम्ताउँछ र हातखुट्टामा चमक हराउँछ । हातखुट्टाको सरसफाइ केबल पानी र साबुले मात्र हुँदैन् । यसले तपाईको फोहर हातखुट्टा सफा बनाए पनि त्यसमा नरमता ल्याउँदैन् । त्यसैले हरेक व्यक्तिले हप्तामा हातखुट्टाको उचित सफाइ गर्नु पर्छ ।

**कसरी गर्ने हातखुट्टाको सफाइ ?**

यसको लागि एउटा भाँडोमा मनतातो पानी लिनुहोस् र त्यसमा एक चम्चा नुन, कागतीको रस र स्याम्पु मिसाउनुहोस् उक्त मिश्रणलाई राम्रोसँग घोल्नुहोस् ।

अब यो पानीमा खुट्टा तथा हात १० देखि १५ मिनेटसम्म डुबाएर राख्नुहोस् । १०,१५ मिनेटपछि पानीबाट निकालेर सफा पानीले पखाल्नुहोस् र मोइस्चराइजर क्रिम लगाउनुहोस् । यसले तपाईको हात तथा खुट्टा नरम तथा सफा बनाउँछ ।

# नेप्से परिसूचकमा एक दशमलव ६७ प्रतिशतको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार उच्च अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ४५ दशमलव ९३ अङ्कले घटेर दुई हजार छ सय ८९ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव ६७ प्रतिशतको गिरावट हो ।

तीन सय २१ कम्पनीको एक करोड ७३ लाख ९२ हजार दुई सय ४४ कित्ता शेयर ८१ हजार चार सय चार पटक खरिदबिक्री हुँदा रु सात अर्ब ४७ करोड तीन लाख पाँच हजार बराबरको कारोबार भएको छ । कारोबारमा दुई सय १४ कम्पनीको शेयर मूल्य घटेको छ । सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी जीवन बिमा समूह तीन दशमलव शून्य सात र व्यापार समूह दुई दशमलव १३ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ८६, विकास बैंक एक दशमलव शून्य चार, वित्त एक दशमलव ८४, होटल तथा पर्यटन एक दशमलव ८४, जलविद्युत् एक दशमलव ९८ र लगानी समूह एक दशमलव ३३ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ३४, लघुवित्त एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ५९, निर्जीवन बिमा शून्य दशमलव ८३ र अन्य समूह शून्य दशमलव ८१ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

तीनवटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड र जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेको हो । खानीखोला हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु ३२ करोड ६४ लाख ६१ हजार पाँच सय ६९ को कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा लक्ष्मी उन्नति कोषको २० लाख पाँच हजार एक सय कित्ता शेयर किनबेच भएको छ ।

# शिव मावि स्वर्ण महोत्सवको अन्तिम तयारीमा




**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको कावासोती २ मा रहेको शिव नमूना माध्यमिक विद्यालयका स्वर्ण महोत्सव मंसिर २९ गतेदेखि सुरु हुने भएको छ।

२०३१ सालमा स्थापना भएको शिव नमूना माध्यमिक विद्यालयको स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा विद्यालयले स्वर्ण महोत्सव गर्न लागेको हो।

स्वर्ण महोत्सवको बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार महोत्सवको उपप्रधानमन्त्री प्रकाशमान सिंहले उद्घाटन गर्नुहुने भएको छ।

विद्यालयका प्रधानाध्यापक अर्जुन पौडेलले स्वर्ण महोत्सवबाट संकलित सहयोगबाट विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक सामग्री थप गर्न प्रयोग गरिने भएकोले सबैलाई सहयोग गर्न आग्रह पनि गरे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कावासोती २ का वडाध्यक्ष शिव पाण्डेले विद्यालयले स्वर्ण महोत्सव मनाउन पाउनु विद्यालयको लागि गौरवको विषय भएको बताए।

मंसिर २९ गतेबाट शुरु भएर पुस २ गतेसम्म सञ्चालन हुने स्वर्ण महोत्सवको अवसरमा विद्यालयले स्वर्ण महोत्सव स्तम्भ अनावरण, विज्ञान प्रदर्शनी, शैक्षिक सामग्री प्रदर्शनी, खाना उत्सव, पूर्व विद्यार्थी तथा विद्यार्थी, शिक्षक, पूर्व समितिबिच पुनर्मिलन कार्यक्रम, रक्तदान स्वास्थ्य शिविरलगायतका कार्यक्रम गर्ने अध्यक्ष पाण्डेले बताए।

महोत्सवबाट विद्यालयले आर्थिक सहयोग संकलन गर्ने अभियानको रुपमा पनि लिएको छ।

कार्यक्रममा प्रचारप्रसार उपसमितिका संयोजक कपिलदेव भुसाल शिवमावि कावासोतीको गहना समेत भएकोले सबैले सहयोग गर्न आग्रह गरे।

# लिलाराममा शिक्षक-कर्मचारी ब्याडमिन्टन



भैरहवा । श्री रुपन्देही लीलाराम न्यौपाने मा.वि को६९औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा आयोजित शिक्षक तथा कर्मचारीस्तरीय ब्याडमिन्टन प्रतियोगिता २०८१ को उपाधि माहात्मा बुद्ध मा.वि.ले पाएको छ। ४ स्वर्ण पद जितेको महात्मा बुद्ध समूहतर्फ प्रथम भएको छ भने १ स्वर्ण, २ रजत र २ कास्य पदकसहित रुपन्देही लीलाराम मावि द्वितीय, ३ रजत र ३ कास्यसहित पक्लिहवा मावि तेस्रो भएको छ।

विद्यालयले नगरमै पहिलो पटक सिद्धार्थनगर नगरपालिका भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीबिचको मैत्री भावनासँगै सम्बन्ध प्रगाढ बनाउँदै र खेलकुदमा शिक्षकको सहभागिता रहोस भन्ने उद्देश्यकले खेलको आयोजना गरिएको विद्यालयका प्राचार्य रुपकुमार रायमाझीले बताए। उनले यो खेलको माध्यमबाट सहयोगको भावना तथा भातृत्वको भावना विकास हुने अपेक्षा समेत रहेको बताए।

सधैँ अध्यापनमात्रै गराउनुभन्दा स्वास्थ्यका लागि खेलकुद भन्ने अभिप्रायले मनोरञ्जनसहितको पुर्नताजगीका लागि नगरभित्रका शिक्षक र कर्मचारीबिच यो प्रतियोगिता आयोजना गरिएको हो। तीन दिन भएको प्रतियोगितामा सिद्धार्थनगर नगरपालिकाभित्रका १० सामुदायिक विद्यालयमा कार्यररत ४५ जना शिक्षक र कर्मचारीहरु सहभागी भएको विद्यालयका अतिरिक्त क्रियाकलाप समिति संयोजक भोजराज पौड्यालले जानकारी दिए।

प्रतियोगिता एकल महिला, एकल पुरुष, जोडी महिला, जोडी पुरुष र जोडी संयुक्त गरी पाँच विधामा खेलाइएकोमा पुरुष एकलतर्फ महात्माको पुरन सारङकोटी प्रथम, लिलारामको अशिम कार्की द्वितीय, पक्लिहवाका बासुदेव घिमिरे र विन्दवासिनका चर्तुभुज रेग्मी तृतीय भए।

यस्तै पुरुष जोडीमा महात्मा बुद्धका पुरन सारङकोटीर अनिल बस्यालको जोडी प्रथम, लिलारामका अशिम कार्की र पुस्कर मिश्राको जोडी द्वितीय, लिलारामकै क्षितिज पाण्डे, विवेक भुसालको जोडी तथा बहिरा बालको महेश चापागाईं, गोविन्द गौतमको जोडी तृतीय भए।

यस्तै महिला एकलतर्फ लिलारामकी रिता सुब्बा प्रथम, पक्लिहवाकी विजय लक्ष्मी शर्मा द्वितीय, पक्लिहवाकी यमकुमारी थापा र सिद्धार्थकी सदिक्षा थारु तृतीय भइन। महिला जोडीतर्फ महत्मा बुद्धकी रामकुमारी थापा, विष्णु थापा प्रथम, पक्लिहवाकी यमकुमारी थापा, विजयलक्ष्मी शर्मा द्वितीय, लिलारामकी शिला पाण्डे, रिता आचार्य, नारायणी नेपाल र प्रभा लामिछाने तृतीय भइन।

यस्तै संयुक्त जोडीतर्फ महत्मा बुद्धका पुरन सारङकोटी, विष्णु थापा प्रथम, पक्लिहवाका प्रकाश भुर्तेल, विजयलक्ष्मी शर्मा द्वितीय, पक्लिहवाकै बासुदेव घिमिरे, यमकुमारी थापा र लिलारामको लेखनाथ आचार्य, उषा न्यौपाने तृतीय भएको मुख्य निर्णयक जीवन थापाले बताए।

यस्तै प्रतियोगिताका उत्कृष्ट खेलाडी महिलातर्फ सिद्धार्थ आधारभूतको सदिक्षा थारु र उत्कृष्ट खेलाडी पुरुषतर्फ बासुदेव घिमिरे भएको आयोजकले जानकारी दिएको छ।

प्रतियोगिताको विजयी खेलाडीहरुलाई ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिएको थियो।

# अन्धकारमुक्ति सहकारीको साधारणसभा



**बासुदेव ढकाल**

*रामपुर*

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्थाको २६औं वार्षिक साधारणसभा विभिन्न १८ बुँदे निर्णयहरु गरी सम्पन्न भएको छ। केन्द्रिय कार्यालय रामपुरमा शुभारम्भ गरी शनिबार निस्दी ढुङ्गानाबेसी, रामपुर जब्गादी, गेझा रम्भा ताहुँ र मंगलबार सहयोगी सेवा केन्द्र बेझाँड र केन्द्रस्तरीय सेवा केन्द्रको शहीद बहुमुखी क्याम्पस रामपुर-७ किसानबारीमा सम्पन्न भएको छ।

केन्द्रीय कार्यालय र सहयोगी सेवा केन्द्रमा आबद्ध शेयर सदस्यहरुको उपस्थितिमा भएको साधारणसभा अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सागरप्रसाद देवकोटाको अध्यक्षता र रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले वार्षिक साधारणसभाको उट्घाटन गर्दै अन्धकारमुक्ति साकोस रामपुर नगरकै गौरवको संस्था भएको बताए। उनले पछिल्लो समय सहकारी क्षेत्रमा देखिएको समस्या शहरमा सीमित व्यक्तिबाट सञ्चालित सहकारीले निम्त्याएको बताउँदै रामपुर नगरभित्रका सहकारीहरु यहाँका स्थानीय जनतामार्फत् सञ्चालन भएकाले सुरक्षित रहेको बताउँदै ढुक्क भएर कारोबार गर्न आग्रह गरे। नगरप्रमुख थापाले साना कृषक तथा व्यवसायीहरुका लागि नगरपालिकाले ३० लाख सम्म व्याज अनुदान प्रदान गर्दै आएको बताउँदै सहकारीसँग समन्वय गरेर उत्पादनको क्षेत्रमा लाग्न अनुरोध गरे।

संस्थाका अध्यक्ष सागरप्रसाद देवकोटाले संस्थाको वार्षिक प्रगति प्रतिवेदनसहित भावि रणनीतिबारे जानकारी गराउँदै खेतको आलीबाट दैनिक ५० पैसा बचत गरेर सुरु भएको सहकारीमा हाल पाल्पा जिल्लाभित्रका ११ हजार १४ भन्दा बढी शेयर सदस्य आबद्ध रहेको, कुल पुँजी १ अर्ब ५७ करोड ८३ लाख ८९ हजार ६६ पुगेको जानकारी गराए। लेखा सुपरीवेक्षण समितिका सदस्य रामप्रसाद ढकाल रमेशले संस्थाको वित्तीय सुशासनको अवस्था जानकारी गराएका थिए। साधारणसभाको अवसरमा ५ वटा सेवा केन्द्र र केन्द्रिय कार्यालयअन्तरगतका नियमित बचत कर्ता, बालबचत कर्ता, असल ऋणी, सफल व्यापारी, एसईईएमा उत्कृष्ट अंक ल्याउन सफल विद्यार्थी, लघुवित्त केन्द्र, केन्द्र प्रमुखुलाई पुरस्कृत गरिएको थियो। साथै सहकारीले ७० वर्ष उमेर पुगेका जेष्ठ शेयर सदस्यहरु १० जनालाई मासिक ५ सय वृद्ध भत्ता समेत प्रदान्न सुरु गरिएको थियो भने १ सय ३८ जना जेष्ठ नागरिकलाई सहकारीले वृद्ध भत्ता वितरण गर्दै आएको छ।

कार्यक्रममा संस्थापक अध्यक्ष मोहन भट्टराई, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष एवं सल्लाहकार भोजेन्द्र प्रकाश ढकाल, सल्लाहकार सुकदेव पोखरेलले उद्यमशिलताको लागि आवश्यक तालिम प्रदान गरेर अघि बढ्न सुझाव दिए।

संस्थाका सल्लाहकार एवं नेपाली कांग्रेस रामपुरका नगर सभापति नेत्रप्रसाद भट्टराईले अन्धकारमुक्ति स्थानीय जनताको साना-साना पुँजीबाट सञ्चालनमा रहेकाले ढुक्क भएर कारोबार गर्न सुझाव दिएका छन्।

कार्यक्रममा नेकपा एमाले रामपुर नगर कमिटीका उपाध्यक्ष विशाल श्रेष्ठ अशोक, नेकपा माओवादी केन्द्रका अध्यक्ष यमबहादुर सुनार, राष्ट्रिय स्वतन्त्र पार्टीका नगर सभापति अर्जुनप्रसाद श्रेष्ठ, एकिकृत समाजवादी रामपुरका अध्यक्ष फणेश्वर गौतम, राष्ट्रिय जनमोर्चा रामपरका अध्यक्ष रामप्रसाद गैरेले शेयर सदस्यहरुकोले सक्रियताले नै वित्तीय संस्थाको भिडमा अन्धकारले सफलता प्राप्त गरेको बताए।

सल्लाहकार दयाराम भट्टराई, रामपुर साना शहरी खानेपानीका उपाध्यक्ष हजुल दिन मिया, रामपुर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष गुरु प्रसाद रेग्मी, सुर्योदय कृषि सहकारी संस्थाका अध्यक्ष बुद्धिराज गौतम, उज्यालो बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष विष्णु माया ढकाल, शहीद बहुमुखी क्याम्पस रामपुरका क्याम्पस प्रमुख मुरारीप्रसाद काफ्ले, संस्थापक सदस्य विष्णु प्रसाद रेग्मी, संस्थाका उपाध्यक्ष खगेन्द्रप्रसाद न्यौपाने, सचिव ओम प्रकाश बस्याल, कोषाध्यक्ष देवेन्द्रप्रसाद पोखरेल, शेयर सदस्यहरु दुर्गाप्रसाद पोखरेल, मञ्जु रानाले आफ्नो भनाइसहित सुझाव दिएका थिए।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Pokhara

**Saljhandi Sandhikharka Dhorpatan Road Project**
Sandhikharka, Arghakhanchi

## Invitation for Bids

**No: SSDRP/04/081/82**

(Date of first Publication: 2081/08/24)

1. Saljhandi-Sandhikharka-DhorpatanRoad Project invites electronic bids from eligible bidders for the following works:

| Contract Number | Description and location of works | Estimate Amount without VAT (NRs) | Bid Security Amount (NRs) | Document Fee |
|---|---|---|---|---|
| SSDRP/ 33701132 /081/82/04 | Bridge Protection and Maintenance Work at RainadeviChhahara Rural Municipality, Dhungrekhola,Palpa at Ch:22+000 along Saljhandi -Sandhikharka - Dhorpatan Road (NH-52) | 1,19,86,343.47 | 3,00,000 | 3000 |

2. Deadline for Bid Submission and Opening:

<table>
<tr><td colspan="2" rowspan="2">Last Date and Time for Bid Submission</td><td colspan="2" rowspan="2">Date and Time for Bid Opening</td><td>Revenue a/c No</td><td>1000200010000</td><td>Office Code</td><td>337015101</td></tr>
<tr><td>Revenue Heading No</td><td>14229</td><td>Bank</td><td>Rastriya Banijya Bank</td></tr>
<tr><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Name of Office</td><td colspan="3">SaljhandiSandhikharkaDhorpatan Road Project</td></tr>
<tr><td rowspan="3">2081/09/24</td><td rowspan="3">12:00</td><td rowspan="3">2081/09/24</td><td rowspan="3">13:00</td><td>Deposit A/C No.</td><td>3050100102030000</td><td>Office Code</td><td>337015101</td></tr>
<tr><td>Name of Office</td><td colspan="3">District Treasury Comptroller Office, Arghakhanchi</td></tr>
<tr><td>Bank</td><td colspan="3">RastriyaBanijya Bank, Arghakhanchi</td></tr>
</table>

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Saljhandi Sandhikharka Dhorpatan Road Project, Sandhikharka, Arghakhanchi, Email Address: ssdrp.dor@gmail.com, Telephone No: 077-420468 or may visit PPMO's e-GP system: www.bolpatra.gov.np/egp.

Project Manager

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# रोहिणीमा १५ शैयाको अस्पताल शिलान्यास



**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देहीको रोहिणीमा १५ शैयाको अस्पताल बन्ने भएको छ । सरकारले प्रत्येक स्थानीय तहमा कम्तिमा १५ शैयाको अस्पताल बनाउने नीतिअनुसार रोहिणी गाउँपलिकाले वडा नम्बर ३ लक्ष्मीनगरमा अस्पताल बनाउन लागेको हो । पालिकाका प्रमुख विद्याप्रसाद यादवले निर्माण हुने भवनको शिलान्यास गरेका हुन् । सो अवसरमा बोल्दै उनले लामो समयदेखि सरकारको यो विविध कारणले कार्यक्रम हुन नसकेपनि पालिकाको प्रयासमा जग्गा प्राप्ती र बजेट विनियोजनले गाउँपालिका कार्यालय नजिकै अस्पताल निर्माण सुरु भएको छ, यो रोहिणीको लागि अतिआवश्यक र महत्वपूर्ण काम रहेको बताए ।

ग्रामीण क्षेत्रमा पनि स्वास्थ्य सेवा दिनका लागि सरकारले यो अवधारणालाई ल्याएको थियो । जग्गा प्राप्तीका केही कठिनाई भए पनि जग्गादाताको सहयोगकै कारण यसको सुरुवात भएको छ । अस्पतालका लागि स्व. राजेन्द्रप्रसाद यादवका परिवार, राधेश्याम चौधरीलगायतले बाटोका लागि जग्गादान गरेर नै सुविधा सम्पन्न अस्पताल निर्माणको थालनी भएको छ । जग्गादाताको सहयोगकै कारण यस्को सुरुवात भएको अध्यक्ष यादवले जनाए ।

अस्पतालले रोहिणीको सबैलाई पायक पर्ने हिसाबले र छिमेकी पालिकाका नागरिकहरुको सहजता हुनेगरी हुलाकी राजमार्गसँगै अस्पताल निर्माणको थालनी गरेको छ ।

हरेक पालिकामा कम्तिमा एउटा १५ शैयाको अस्पताल निर्माण गर्ने संघीय सरकारको नीतिअनुसार १ विघा ११ कठ्ठा क्षेत्रफलमा निर्माण हुन लागेको अस्पताल साँढे तीन तले १५ शैयाको हुनेछ । निर्माणको काम थालनी गर्न भवनको शिलान्यास गरिएको छ । करिब ११ करोड २३ लाख ४२ हजार एक सय ६८ रुपैयाँ ४७ पैसा भ्याटसहितको लागतमा निर्माण हुन लागेको हो । नगर अस्पताल भवन फरक क्षमता-मैत्री हुने अध्यक्ष यादवले जानकारी दिए ।

१५ शैयाको आधारभूत अस्पताल दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउन मन्त्रालयले सहमति दिने निर्णय गरिसकेको र अस्पतालको भवन निर्माणका लागी सरकारले सम्बन्धित स्थानीय पालिकालाई आंशिक बजेट समेत पठाइसकेको ले तत्काल भवनको काम अघि बढाइएको गाउँपालिका योजना शाखाले जानकारी दिएको छ ।

पालिकास्तरीय अस्पताल भवन निर्माणको जिम्मा अकृति एभरेष्ट गंगोत्रीदेवी जेभी बुटवलले पाएको छ । २३ कार्तिक २०८० मा सम्झौता भएको भवन निर्माण २०८३ कार्तिक २२ गते निर्माण सम्पन्न गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत राकेशकुमार चौधरीले पालिकास्तरीय अस्पतालको शिलान्यास हुनु यस क्षेत्रकैलागि उल्लेखनीय कार्य रहेको बताए । पालिकाले स्वास्थ्यलाई प्राथमिकता दिँदै आए पनि जग्गा प्राप्तीमा केही समस्या रहेकोले त्यो समाधानभई निर्माणको थालनी भएको उनले जनाए । हाल ५ वटा स्वास्थ्य चौकी र एक वटा पिएचसी गरी ६ वटा स्वास्थ्य सेवाका युनिट रहेको छ । अस्पताल भएपछि अधिकतम स्वास्थ्य सेवा पालिकावासीले यहीबाट लिन पाउने व्यवस्था हुनेछ ।

पालिकाले निर्माण गर्न लागेको अस्पतालमा मापदण्ड अनुसार नै आकस्मिक सेवा, वर्थिङ सेन्टर, बहिरंग सेवा, अन्तरंग सेवा, प्रयोगशाला, रेडियोलोजी, सामान्य शल्यक्रिया तथा उपचार सेवा, विशेषज्ञ सेवा, फार्मेसी सेवा, रक्त सञ्चार, अस्पताल व्यवस्थापन तथा वातावरण र निष्कासित फोहोरमैला व्यवस्थापनलगायतको व्यवस्था रहनेछ ।

# बुटवलको मेला सफल बनाउने दलहरूको प्रतिबद्धता



बुटवल । बुटवलमा हुने औद्योगिक व्यापार मेलालाई सफल बनाउन जिल्लाका राजनीतिक दलहरुले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । बुटवल उद्योग वाणिज्य संघको आयोजनामा यही पुसको ३ देखि १८ गतेसम्म हुन गइरहेको औद्योगिक व्यापार मेलालाई सफल बनाउनको लागि आफ्नो आफ्नो ठाउँबाट सहयोग गर्ने राजनीतिक दलका नेताहरुले प्रतिबद्धता व्यक्त गरेका हुन् ।

संघले सहयोगको लागि आग्रह गर्दै सुझाव सल्लाह लिनको लागि आइतबार मेला सचिवालयमा राजनीतिक दलका नेताहरुसँग अन्तरक्रिया कार्यक्रम गरेको थियो । अन्तरक्रियामा जिल्लामा क्रियाशिल राजनीतिक दलका नेताहरुको सहभागिता रहेको मेला कार्यसम्पादन समितिका उपसंयोजक तथा राजनीतिक दल समन्वय संयोजक विमलराज भट्टराईले जानकारी गराए । त्यस अवसरमा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले बुटवलमा हुने मेला आयोजक संस्थाको मात्रै नभएर सिंगो बुटवल र रुपन्देही जिल्लाकै प्रतिष्ठासँग जोडिएको बताए । उनले यो मेलालाई सहयोग गर्न र मेलालाई सफल बनाउनको लागि सुझाव सल्लाह दिनको लागि समेत आग्रह गरे ।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिकाका नगरप्रमुख तथा नेपाली कांग्रेस बुटवल नगर समितिका सभापति खेलराज पाण्डेयले बुटवलमा हुने औद्योगिक व्यापार मेला बुटवल उद्योग वाणिज्य संघको मात्रै नभएर समग्र बुटवलकै भएको बताउँदै यसलाई व्यवस्थित गर्नका लागि बुटवल उप-महानगरपालिकाकाले संरक्षकत्व प्रदान गरिएको बताए । उनले पार्टीका तर्फबाट पनि पूर्ण साथ सहयोग रहेने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी एमाले रुपन्देहीका अध्यक्ष यज्ञप्रसाद गैरेले बुटवलको मेलाले छुट्टै आफ्नै पहिचान बनाएको बताए । उनले मेला तथा महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने बताउँदै नेपाली राजनीतिक आन्दोलन आर्थिक समृद्धिसँग पनि जोडिएकाले अर्थतन्त्रलाई चलायमान बनाउने कुरामा आफूहरुको पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यसैगरी नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं. २ का सभापति प्रजापाल गिरीले बुटवलको मेला आफैँमा एउटा ब्राण्ड बनेको बताउँदै बुटवलमा हुने मेला बुटवल उद्योग वाणिज्य संघको मात्रै नभएर सिंगो बुटवलको भएकाले त्यसमा पार्टीको पूर्ण साथ र सहयोग रहने स्पष्ट पारे ।

नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य शरद वलीले, नेकपा माओवादी केन्द्रका पुष्पराज ढकाल, महेन्द्र भुसाल, राप्रपाका पुनाराम पोखरेल, तोयनाथ लम्साल, राष्ट्रिय जनमोर्चाका टानबहादुर केसी, नागरिक उन्मुक्ति पार्टीका तुलसी चौधरीलगायतले उद्योगी र उपभोक्तालाई जोड्नेगरी आयोजना गरिएको यो मेलामा राजनीतिक दलको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए । उनीहरुले मेला सञ्चालनका क्रममा गर्नुपर्ने रचनात्मक सुझावहरु समेत प्रदान गरेकोले मेला कार्यसम्पादन समितिका सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी गराए ।

### जिल्लास्तरीय खुला नकआउट क्रिकेटः

# उपाधि लुम्बिनी खुकुरी क्लबलाई

**अनिता चौधरी**
*सैनामैना*




रुपन्देहीको सैनामैनामा सम्पन्न जिल्लास्तरीय खुला नकआउट क्रिकेट प्रतियोगिताको उपाधि लुम्बिनी खुकुरी क्लबले जितेको छ ।

स्टार स्पोर्टस् क्लब सैनामैना-७ को आयोजना तथा सैनामैना नगरपालिकाको संरक्षकत्वमा सैनामैनामा सम्पन्न छैठौ जिल्लास्तरीय खुला नकआउट क्रिकेट प्रतियोगिताको फाइनल खेलमा आइतबार देवदह क्रिकेट युनिटलाई २२ रनले पराजित गरी लुम्बिनी खुकुरीले उपाधि हात परेको हो । उपाधिसँगै लुम्बिनीले नगद ५५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफि प्राप्त गरेको छ । उपविजेता देवदह क्रिकेट युनिटले २५ हजार ५ सय २५ मा चित्त बुझाएको छ ।

टस जितेर ब्याटिङ गरेको लम्बिनी खुकुरीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय २३ रनको योगफल तयार पारेको थियो । जसका लागि प्रज्ज्वल थापा ४२ रन, एकलख अहमद ३० रन र निश्चल चौधरीले २३ रन बनाएका थिए भने बलिङ्गतर्फ सन्दिप खत्री, विवेक, शिव, विकास, दिपेन्द्र र सुरजले एक एक विकेट लिएका थिए ।

१२३ रनको लक्ष्य पछ्याउने क्रममा देवदह १ सय १ रनमै अलआउट भएको हो । देवदहका लागि दिपक भण्डारीले २५ रन, सुरज खड्काले १४ रन बनाएका थिए भने अन्य ब्याटसम्यानले दोहोरो अंकको रन जोड्न सकेनन् । बलिङ्गमा हेमन्त र एकलखले २२ विकेट लिएका थिए । फाइनल खेलको म्यानअफ द म्याच प्रज्ज्वल थापा भएका छन् । उनले नगद पुरस्कारसहित गिफ्ट ह्याम्पर समेत पाएका छन् ।

यसैगरी प्रतियोगिता अवधिभर म्यान अफ दि सिरिज सन्दीप खत्री, उत्कृष्ट बलर सुनिल पौडेल र उत्कृष्ट ब्याट्सम्यान मनिष खत्रीले हात परेका छन् । उनीहरुले नगद ३ हजार र २२ हजारसहित प्रमाणपत्र र ट्रफि प्राप्त गरेको खेलसंयोजक कृष्ण ज्ञवालीले जानकारी गराए । प्रतियोगिता अवधिभर हिमाल इङ्गलिस स्कूल प्राचार्य मेघराज अर्यालले कमेन्टी गरेका थिए ।

सैनामैना ७ मा अवस्थित लम्टीया क्रिकेट रंगशालामा मंसिर १५ गतेदेखि प्रतियोगिता सञ्चालन भएको थियो । प्रतियोगितामा कुल ९ टिमको सहभागिता रहेको थियो ।

पुरस्कार वितरण तथा खेलको समापन समारोहमा बोल्दै नेपाली कांग्रेस युवा नेता विष्णु पोख्रेलले क्रिकेट प्रतियोगिताले स्थानीयस्तरमा रहेका नव प्रतिभालाई माथि उठाउन कोशेढुङ्गा बन्ने बताए । उनले क्रिकेट खेलप्रतिको बढ्दो रुचिले गाउँठाउँमा आयोजना गर्ने प्रतियोगिताले क्षमता विकाससँगै राष्ट्रस्तरका खेलाडी उत्पदानमा सहयोगी बन्ने हुनाले तीनै तहको सरकारले खेललाई बढी महत्वका अगाडि बढाउन ध्यान दिनुपर्नेमा जोड दिए । निर्माणधिन अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको विकासलाई राज्यले विशेष पहलमा गौरवको योजनाहरुलाई सम्पन्न गर्न संघ र प्रदेश सरकार, राजनीतिक दल, संघसंस्था, निजी क्षेत्र, स्थानीय समुदायको सहकार्य आवश्यकता रहेको उनले बताए ।

स्थानीयस्तरका खेलाडीहरुको खेल क्षमता तथा क्रिकेटको विकासका लागि प्रतियोगिता आयोजना गरिएको स्टार स्पोर्टस् क्लबका अध्यक्ष खिमराज पोखरेलले जनाए ।

कार्यक्रममा सैनामैना नगरपालिका वडा नं.-७ का अध्यक्ष राजकुमार चौधरी, नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य गोविन्द लम्साल, नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेश महासचिव लालप्रसाद पंगेनी, जनप्रतिनिधि, राजनीतिकर्मी र स्थानीयलगायतको उपस्थिति रहेको थियो ।

# विपिन जोशीको रिहाइमा सहयोग गर्न प्रचण्डको आग्रह

**लुम्बिनी संवाददाता**
*बुटवल*



अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्ता गरेका छन् ।

अध्यक्ष प्रचण्डको निवास खुमलटारमा उनीहरूबीच भेटवार्ता भएको हो । भेटवार्तामा नेपाली युवक विपिन जोशी अहिलेसम्म पनि इजरायलमा बेपत्ता रहेको घटना नेपालका लागि चिन्ताको विषय रहेको उल्लेख गर्दै प्रचण्डले जतिसक्दो चाँडो रिहाइका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यान जानुपर्ने धारणा राखेका थिए ।

इजरायली पक्षबाट हालै उनी जीवितै रहेको जानकारी आउनु सुखद भएको भन्दै प्रचण्डले उनको रिहाइमा अमेरिकाको साथ खोजेका थिए । प्रचण्डसँगको भेटमा डोनाल्डले नेपालको शान्ति प्रक्रिया राष्ट्रिय सहमतिका साथ टुंगिन थालेकोमा खुसी व्यक्त गर्दै यो अन्तर्राष्ट्रिय समुदायका लागि सुखद खबर भएको धारणा पनि राखे । उनले नेपालको आर्थिक विकासका लागि अमेरिकाले निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै अमेरिका सरकारले मात्रै नभई अमेरिकी जनताले पनि नेपालको विकासका लागि सहयोग गर्दै आएको बताए ।

प्रचण्डको सचिवालय अनुसार, प्रचण्डले दुई देशबीच लामो समयदेखिको सम्बन्धलाई यस्ता भ्रमण र भेटवार्ताले थप बलियो बनाउने विश्वास व्यक्त गरेका थिए ।

'हामीले कृषिलाई आधार मानेर उर्जा र पर्यटन विकासलाई जोड दिने नीति लिएका छौं,' प्रचण्डले लूसँग भनेका थिए- 'सबै क्षेत्रमा सूचना प्रविधिलाई लिडिङ रोलमा राखेर मात्रै नेपाललाई समृद्ध बनाउन सकिन्छ भन्ने हाम्रो विश्वास छ । यसका लागि अन्तर्राष्ट्रिय समुदायबाट हुने सहयोग र लगानी महत्त्वपूर्ण हुन्छ ।'

नेपालको शान्ति प्रक्रिया राष्ट्रिय सहमतिका साथ मौलिकरूपमा सम्पन्न हुन थालेको जानकारी गराउँदै अध्यक्ष प्रचण्डले यसमा अन्तर्राष्ट्रिय समुदायको सद्भावका लागि धन्यवाद दिए ।

'हामीले नेपालमा शान्ति प्रक्रिया बहुमत र अल्पमत वा सत्ता पक्ष र विपक्षको रूपमा नलिएर राष्ट्रिय सहमतिका साथ टुंग्याउँदै छौं । यो हाम्रा लागि मात्र होइन, शान्ति र स्थायित्व चाहने अन्तर्राष्ट्रिय समुदायकै लागि पनि खुसीको कुरा हो,' प्रचण्डले भने-'टीआरसी विधेयक पारित भएपछि जसरी अन्तर्राष्ट्रिय समुदायले स्वागत गरेको छ, यसले हामीलाई खुसी बनाएको छ ।'

अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको तनावप्रति नेपालको गहिरो चासो रहेको र यसबाट नेपालमा पर्न सक्ने असरप्रति आफूहरू संवेदनशील रहेको प्रचण्डको भनाइ थियो ।


ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com